अपिहिमाल गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ०७ संख्या : ०६ मिति : २०८०/०१/३१

भाग - २

**अपिहिमाल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खण्डेश्वरी, दार्चुला**

**सुदुरपश्चिम प्रदेश**

---

नेपालको संविधान बमोजिम अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## अपिहिमाल गाउँपालिकाको कन्टिन्जेन्सी रकम खर्च सम्बन्धी कार्यविधि, २०८०

<u>गाउँ कार्यपालिकाबाट स्वीकृत मिति</u>

२०८०।०१।२७

**प्रस्तावना** : अपिहिमाल गाउँपालिकाले निर्माण, संचलान गर्ने योजना तथा कार्यक्रमको कन्टिन्जेन्सी रकम गाउँपालिकाको सेवा प्रवाहमा सरलता, औचित्यपूर्ण, मितव्ययी एवं प्रभावकारीता ल्याउन खर्च गर्ने सम्बन्धी कार्यविधि बनाउन वाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२), अपिहिमाल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले देहायको कार्यविधि बनाई जारी गरेकोछ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "अपिहिमाल गाउँपालिकाको कन्टिन्जेन्सी रकम खर्च सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

(क) "गाउँपालिका" भन्नाले अपिहिमाल गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले अपिहिमाल गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(ग) "अध्यक्ष" भन्नाले अपिहिमाल गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ । सो शब्दले वडा अध्यक्षलाई समेत जनाउदछ ।

(घ) "उपाध्यक्ष" भन्नाले अपिहिमाल गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अपिहिमाल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "कन्टिन्जेन्सी रकम" भन्नाले अपिहिमाल गाउँपालिकाको योजना तथा कार्यक्रमबाट प्राविधिक मूल्यांकन तथा अनुगमनका लागि ईस्टिमेट बनाउँदा प्रचलित कानून बमोजिम काटिने कन्टिन्जेन्सी रकमलाई सम्झनु पर्दछ ।

(छ) "न्यायिक समिति" भन्नाले अपिहिमाल गाउँपालिकाको न्यायिक समिति सम्झनु पर्दछ ।

(ज) "जनप्रतिनिधि र कर्मचारी" भन्नाले अपिहिमाल गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## कन्टिन्जेन्सी रकम खर्च सम्बन्धी मापदण्ड

३. **कन्टिन्जेन्सी रकम खर्च गर्ने** : कन्टिन्जेन्सी रकम औचित्य र आवश्यकताको आधारमा देहाय बमोजिम खर्च गर्न सकिनेछ :-

(क) नियमित रुपमा विनियोजन भएका शीर्षकहरुको आयोजनामा रकम अपुग भएमा,

(ख) सम्पन्न भएका आयोजनाहरुको मर्मत सम्भारमा,

(ग) कार्यालयको लागि कम्प्युटर, प्रिन्टर, फर्निचर तथा अन्य लजिस्टिक सरसमान खरिद गर्न,

(घ) सवारी साधनको मर्मत सम्भार तथा ईन्धनमा,

(ङ) ईन्जिनियरिङ्ग उपकरण खरिद,

(च) कार्मचारीहरुको योजना तथा आयोजनाको अनुगमन तथा निरीक्षण भम्रणमा,

(छ) सवारी साधन तथा अन्य हेभी उपकरण खरिद गर्न,

(ज) परामर्श सेवा खरिदमा,

(झ) निर्माण कार्यको साइटमा सुपरभिजनको लागि खटिएका सुपरभाईजर तथा कर्मचारीहरुको तलब भत्तामा,

(ञ) कन्टिन्जिन्सी रकमबाट भुक्तानी हुने भनि कार्यपालिकाबाट निर्णय भएका योजना वा आयोजना वा कार्यक्रममा ।

४. **<u>कन्टिन्जेन्सी रकमको अभिलेख राख्नु पर्ने</u>** : (१) कुनै बजेट उपशीर्षकमा कन्टिन्जेन्सी रकम खर्च जनाउदा सम्बन्धित ठेक्काको नापी कितावमा समेत खर्च प्रविष्टि गरेको हुनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपभोक्ता समिति वा सोझै खरिद मार्फत खर्च भएको योजनाको कन्टिन्जेन्सी रकमको एकमुष्ट खर्च जनाउन सकिनेछ ।

(३) कन्टिन्जेन्सी रकमको खर्च अभिलेख योजना शाखा, पूर्वाधार शाखा र आर्थिक प्रशासन शाखाले प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

५. **<u>कन्टिन्जेन्सी रकमको लेखा र लेखापरीक्षण</u>** : (१) कन्टिन्जेन्सी रकमको खर्चको भुक्तानी गर्दा आर्थिक प्रशासन शाखाले प्रचलित लेखा प्रणाली बमोजिम गरी अभिलेख सुरक्षित राख्नु पर्नेछ ।

(२) कन्टिन्जेन्सी रकमको लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद-३
## <u>विविध</u>

६. **<u>कन्टिन्जेन्सी रकमको लागत अनुमान तयार गर्नु पर्ने</u>** : (१) कुनै पनि आयोजनाको कन्टिन्जेन्सी रकम खर्च गर्नुपर्ने भएमा आयोजनामा वर्क चार्ज तथा अन्य स-साना खर्चको वर्गिकरण अनुसार हुन सक्ने खर्चको लागत अनुमान तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) कन्टिन्जेन्सी रकमबाट कुनै योजना तथा कार्यक्रममा खर्च गर्न आवश्यक भएमा लागत ईस्टिमेट तयार गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि अनुगमन तथा सुपरभिजनमा कन्टिन्जेन्सी रकम खर्च गर्दा प्रचलित कानून बमोजिम हुनेछ ।

७. **<u>कन्टिन्जिन्सी रकम खर्चमा मितिव्ययिता अपनाउनु पर्ने</u>** : (१) यस कार्यविधि बमोजिम कन्टिन्जेन्सी रकम खर्च गर्दा मितव्ययी भई खर्च गर्नु पर्नेछ

(२) कन्टिन्जेन्सी रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा योजना वा आयोजना संचालन सम्बन्धी कार्यविधि बमोजिमको प्रकृया अबलम्बन गर्नु पर्नेछ ।

८. **<u>संशोधन तथा बाधा अड्काउ फुकाउ</u>** : (१) यस कार्यविधिलाई गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन, संशोधन र खारेज गर्न सक्नेछ ।

(२) यस कार्यविधिका उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

९. **<u>यस कार्यविधि बमोजिम हुने</u>** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम हुनेछ ।

१०. **<u>खारेजी र बचाउ</u>** : (१) अपिहिमाल गाउँपालिकाको कन्टिन्जेन्सी रकम खर्च सम्बन्धी कार्यविधि, २०७६ खारेज गरिएकोछ ।

(२) उपदफा (१) मा उल्लेखित कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अपिहिमाल गाउँपालिका

आज्ञाले,

ईन्द्र बहादुर रावल

प्रमुख प्रशासकीय अधिकृत